# प्रदेश राजपत्र

प्रदेश नं. २, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड४)जनकपुरधाम,नेपाल, चैत्र १३गते,२०७७ साल(अतिरिक्ताङ्क ४

भाग २

प्रदेश सरकार

आर्थिक मामिला तथा योजना मन्त्रालय

## प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७४ को उपदफा ३ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "एक तह माथिको अधिकारी" भन्नाले सरकारी निकायतर्फ सम्बन्धित सार्वजनिक निकायभन्दा माथिल्लो निकाय भए सो निकायको प्रमुख र त्यस्तो निकाय नभएमा सम्बन्धित मन्त्रालयको सचिव र सचिवको हकमा सम्बन्धित विभागीय मन्त्री वा राज्यमन्त्री, प्रदेशस्थित आयोगका प्रशासनिक प्रमुखको हकमा सम्बन्धित आयोगका प्रमुख र अन्य सार्वजनिक निकायको हकमा खरिद गर्ने निकायभन्दा एकतह माथिको निकाय भए त्यस्तो निकायको प्रमुखलाई सम्झनु पर्छ र त्यस्तो निकाय नभएको अवस्थामा त्यस्तो निकायको सञ्चालक समिति वा यस्तै अन्य निकाय सम्झनु पर्छ।

(ख) "ऐन" भन्नाले सार्वजनिक खरिद ऐन, २०६३ सम्झनु पर्छ।

(ग) "प्रदेश" भन्नाले प्रदेश नं. २ प्रदेशलाई सम्झनु पर्छ।

(घ) "प्रमुख सचिव" भन्नाले प्रदेश सरकार मुख्यमन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालयमा कार्यरत नेपाल सरकारको राजपत्राङ्कित विशिष्ट श्रेणीको अधिकृत वा सो सरहको अधिकृतलाई जनाउँछ।

(ङ) "मन्त्रालय" भन्नाले प्रदेश सरकारका मन्त्रालय सम्झनु पर्छ र सो शब्दले मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई समेत जनाउँछ।

(च) "विभागीय प्रमुख" भन्नाले प्रदेश सरकार अन्तर्गतको कुनै निकायमा कार्यरत राजपत्राङ्कित प्रथम श्रेणी वा अधिकृत एघारौं तह वा सो सरहको अन्य कार्यालयको प्रमुखको रुपमा काम गर्ने पदाधिकारीलाई सम्झनु पर्छ।

(छ) "सचिव" भन्नाले मन्त्रालयको प्रदेश सचिव सम्झनु पर्छ र सो शब्दले प्रदेश सरकारको आयोग तथा निकायहरुमा कार्यरत राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहको अधिकृतलाई जनाउँछ।

(ज) "सार्वजनिक निकाय" भन्नाले देहायका निकाय सम्झनु पर्छः-

(१) प्रदेश सरकारका मन्त्रालय, सचिवालय, आयोग, निर्देशनालय वा सो अन्तर्गतका अन्य जुनसुकै सरकारी कार्यालय वा निकाय,

(२) प्रदेश कानुन बमोजिम गठित प्रदेश सरकारको पूर्ण वा अधिकांश स्वामित्व वा नियन्त्रणमा रहेको प्राधिकरण, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद, संस्थान, कम्पनी, निगम, समिति वा यस्तै प्रकृतिका अन्य संगठित संस्था,

(३) प्रदेश सरकारद्वारा सञ्चालित वा प्रदेश सरकारको पूर्ण वा अधिकांश अनुदान प्राप्त विश्वविद्यालय, अनुसन्धान केन्द्र वा यस्तै प्रकृतिका अन्य प्राज्ञिक वा शैक्षिक संस्था,

(४) प्रदेश सरकारको ऋण वा अनुदानमा सञ्चालित संस्था,

(५) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक निकाय भनी तोकेको अन्य संस्था।

३. <u>लागत अनुमानको स्वीकृतिः</u> (१) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० बमोजिमको निर्माण कार्यको लागत अनुमान, नियम ११ बमोजिमको मालसामानको लागत अनुमान र नियम १३ बमोजिम अन्य सेवाको लागत अनुमान देहायको अधिकारीबाट स्वीकृत हुनु पर्नेछः-

(क) एक करोड रूपैयाँसम्मको लागत अनुमान राजपत्राङ्कित तृतीय श्रेणीको वा अधिकृतस्तर सातौं वा आठौं तहको कार्यालय प्रमुखबाट,

(ख) पाँच करोड रूपैयाँसम्मको लागत अनुमान राजपत्राङ्कित द्वितीय श्रेणीको वा अधिकृतस्तर नवौं वा दशौं तहको कार्यालय प्रमुखबाट,

(ग) दश करोड रूपैयाँसम्मको लागत अनुमान विभागीय प्रमुखबाट,

(घ) दश करोड रूपैयाँभन्दा बढी रकमको लागत अनुमान प्रदेश सचिबबाट।

(२) परामर्श सेवाको लागत अनुमान देहायको अधिकारीबाट स्वीकृत हुनु पर्नेछः

(क) दश लाख रूपैयाँसम्मको लागत अनुमान राजपत्राङ्कित तृतीय श्रेणीको वा अधिकृतस्तर सातौं वा आठौं तहको कार्यालय प्रमुखबाट,

(ख) पच्चीस लाख रूपैयाँसम्मको लागत अनुमान राजपत्राङ्कित द्वितीय श्रेणीको वा अधिकृतस्तर नवौं वा दशौं तहको कार्यालय प्रमुखबाट,

(ग) पचास लाख रूपैयाँ सम्म रकमको लागत अनुमान विभागीय प्रमुखबाट।

(घ) पचास लाख रुपैयाँभन्दा बढी रकमको लागत अनुमान प्रदेश सचिवबाट ।

(३) सार्वजनिक निकायको प्रमुख आफैंले यस नियम बमोजिम लागत अनुमान स्वीकृत गर्न नमिल्ने भएमा एक तह माथिको अधिकारीबाट स्वीकृत गराउनु पर्नेछ।

४. <u>**लागत अनुमान अध्यावधिक गर्नु पर्नेः**</u> (१) नियम ३ बमोजिम स्वीकृत भएको लागत अनुमान अनुसार खरिद नभएमा सार्वजनिक निकायले यस नियमावलीको प्रक्रिया अपनाई प्रत्येक आर्थिक वर्ष यस्तो लागत अनुमान अध्यावधिक गर्नु पर्नेछ।

(२) यस नियम बमोजिम लागत अनुमान अद्यावद्यिक नगरी सार्वजनिक निकायले सिलबन्दी दरभाउपत्र र बोलपत्र आह्वान गर्न वा परामर्श सेवाको प्रस्ताव माग गर्न पाउने छैन।

५. <u>**बोलपत्र स्वीकृत गर्ने अधिकारीः**</u> (१) देहायको रकमको बोलपत्र स्वीकृत गर्ने अधिकार देहायका अधिकारीलाई हुनेछः-

(क) तीन करोड रूपैयाँसम्मको राजपत्राङ्कित तृतीय श्रेणीको वा अधिकृतस्तर सातौं वा आठौं तहको कार्यालय प्रमुख,

(ख) सात करोड रूपैयाँसम्मको राजपत्राङ्कित द्वितीय श्रेणीको वा अधिकृतस्तर नवौं वा दशौं तहको कार्यालय प्रमुख,

(ग) पन्ध्र करोड रूपैयाँ सम्मको विभागीय प्रमुख,

(घ) पन्ध्र करोड रुपैयाँ भन्दा बढी जतिसुकै रकमको प्रदेश सचिव ।

(२) सार्वजनिक निकायको परामर्श सेवाको प्रस्तावको स्वीकृति गर्ने अधिकार देहायको अधिकारीलाई हुनेछ ।

(क) दश लाख रूपैयाँसम्मको राजपत्राङ्कित तृतीय श्रेणीको वा अधिकृतस्तर सातौं वा आठौं तहको कार्यालय प्रमुख,

(ख) पचास लाख रूपैयाँसम्मको राजपत्राङ्कित द्वितीय श्रेणीको वा अधिकृतस्तर नवौं वा दशौं तहको कार्यालय प्रमुख,

(ग) तीन करोड रूपैयाँसम्मको विभागीय प्रमुख,

(घ) तीन करोड रुपैयाँ भन्दा बढी जतिसुकै रकमको प्रदेश सचिव ।

(३) कुनै सार्वजनिक निकायको प्रमुखले उपनियम (१) र (२) बमोजिम बोलपत्र आफैंले स्वीकृत गर्न नमिल्ने भएमा एक तह माथिको अधिकारीबाट स्वीकृत गराउनु पर्नेछ।

६. <u>भेरिएसन आदेशः</u> (१) खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता

कार्यान्वयनको क्रममा सिर्जना भएमा सो को स्पष्ट कारण खुलाई देहाय बमोजिमको अधिकारीले देहाय बमोजिमको भेरिएसन आदेश जारी गर्न सक्नेछः-

(क) पाँच प्रतिशतसम्मको भेरिएसन सम्बन्धीत सार्वजनिक निकायको राजपत्राङ्कित द्वितीय श्रेणीको वा अधिकृतस्तर नवौं तह वा दशौं तह वा सो सरहको प्रमुखले,

(ख) दश प्रतिशतसम्मको भेरिएसन सार्वजनिक निकायको राजपत्राङ्कित प्रथम श्रेणी वा एघारौ तह वा सो सरहको प्रमुखले,

(ग) पन्ध्र प्रतिशतसम्मको भेरिएसन विभागीय प्रमुखले,

(घ) पन्ध्र प्रतिशत देखि पच्चीस प्रतिशत सम्मको भेरिएसन प्रदेश सचिवले,

(ङ) पच्चीस प्रतिशत भन्दा माथिको भेरिएसन नियम २ खण्ड (ज) को उपखण्ड (१) बमोजिमको सार्वजनिक निकायको हकमा प्रदेश मन्त्रिपरिषद्ले,

(च) नियम २ को खण्ड (ज) को उपखण्ड (२) बमोजिमको सार्वजनिक निकायको हकमा पच्चीस प्रतिशत देखि माथिको भेरिएसन सो निकायको सर्वोच्च कार्यकारी निकायले।

(२) उपनियम (१) को खण्ड (ङ) बमोजिम भेरिएसन आदेश जारी गर्दा नियम २ को खण्ड (ज) को उपखण्ड (१) बमोजिमको सार्वजनिक निकायको हकमा सम्वन्धित मन्त्रालयले विशेषज्ञहरुको समूह गठन गरी सो

समूहमार्फत आवश्यक जाँचबुझ गराई प्राप्त सिफारिस सहित सम्बन्धित मन्त्रालयको प्रस्तावमा प्रदेश मन्त्रिपरिषद्ले र नियम २ को खण्ड (ज) को उपखण्ड (२) बमोजिमको सार्वजनिक निकायको हकमा सो निकायको सर्बोच्च कार्यकारी निकायले विशेषज्ञहरुको समूह गठन गरी सो समूह मार्फत आवश्यक जाँचबुझ गराई प्राप्त सिफारिसको आधारमा मात्र भेरिएसन आदेश जारी गर्न सक्नेछ।

(३) उपनियम (१) को खण्ड (क) र (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि लागत अनुमान स्वीकृत गर्ने अधिकारी भन्दा तल्लो तहको अधिकारीले भेरिएसन आदेश जारी गर्न सक्ने छैन।

(४) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि साठी लाख रुपैंयासम्मको खरिद कार्यको पच्चीस प्रतिशत भन्दा माथिको भेरिएसन आदेश सम्बन्धित मन्त्रालयको सचिवले जारी गर्न सक्नेछ।

७. <u>सोझै बार्ताबाट खरिद गर्न सक्नेः</u> (१) सार्वजनिक निकायले सोझै खरिद गर्नुपर्दा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ मा उल्लेख भए बमोजिमको व्यवस्था पालना गर्नु पर्नेछ ।

(२) ऐनको दफा ४१ को उपदफा (१) को खण्ड (ख), (ङ) र (च) बमोजिम खरिद गर्दा नियम २ को खण्ड (ज) को उपखण्ड (१) बमोजिमको सार्वजनिक निकायको हकमा देहाय बमोजिमको समितिको सिफारिसको आधारमा प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट निर्णय भए बमोजिम खरिद गर्नु पर्नेछ र अन्य सार्वजनिक निकायको हकमा सो निकायको सम्पर्क मन्त्रालयको सहमतिमा मात्र सर्वोच्च

कार्यकारी निकायबाट निर्णय भए बमोजिम खरिद गर्नु पर्नेछः

(क) प्रमुख सचिव -संयोजक

(ख) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(ग) सचिव, सम्वन्धित मन्त्रालय -सदस्य

(घ) प्रमुख, प्रदेश लेखा नियन्त्रक कार्यालय -सदस्य

८. <u>अवधि थप गर्ने अधिकारीः</u> (१) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० को उपनियम (६) को प्रतिवन्धात्मक वाक्यांशको प्रयोजनको लागि थप गर्ने अधिकार मन्त्रालयको सचिवलाई हुनेछ ।

(२) खरिद सम्झौताको अवधि थप गर्ने सम्वन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

९. <u>सहयोग लिन सक्नेः</u> सार्वजनिक खरिद विवरण तयार भएपछि खरिदको निर्णय गर्ने अधिकारीले यसको गुणस्तर र मूल्यमा आश्वस्त हुन आवश्यक प्रशासकीय प्राविधिक सहयोग लिनका लागि विज्ञबाट अध्ययन गराउन सक्नेछ ।

१०. <u>भुक्तानी सम्बन्धी व्यवस्थाः</u> (१) निर्माण व्यवसायी वा परामर्शदाताले गरेको काममा खटिएका श्रमिकहरुको पारिश्रमिक भुक्तानी गरेको प्रमाण लिखित रुपमा त्यस्ता निर्माण व्यवसायी वा परामर्शदाताले स्वघोषणा गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्माण व्यवसायी वा परामर्शदाताले गरेको स्वघोषणा झुठा ठहरेमा त्यस्तो निर्माण व्यवसायी वा परामर्शदातालाई प्रचलित कानून बमोजिम कार्यवाही हुनेछ ।

११. **<u>खरिद कार्यको अनुगमनः</u>** यस नियमावली बमोजिम सार्वजनिक निकायबाट भएको खरिद सम्बन्धी कार्यको अनुगमन गर्ने अधिकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र प्रचलित संघीय कानन बमोजिम स्थापना भएको सार्वजनिक खरिद अनुगमन कार्यालयलाई हुनेछ।

१२. **<u>बाधा अड्काउ फुकाउन सक्नेः</u>** यस नियमावली बमोजिम खरिद कार्य गर्दा कुनै बाधा अड्काउ परेमा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी आवश्यक आदेश वा निर्देशन जारी गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

१३. **<u>यसै नियमावली बमोजिम हुनेः</u>** यस नियमावलीमा उल्लेख गरिएका विषयमा यसै नियमावली बमोजिम र अन्य विषयमा संघीय संसदले बनाएको सार्वजनिक खरिद ऐन, २०६३ तथा नेपाल सरकारले बनाएको सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ ।

स्विकृत मितिः-२०७७।१२।१३

**आज्ञाले,**
**काशि राज दाहाल**
**प्रदेश सरकारको सचिव**